आज मिति २०८०/१०/१६ गते मंगलवार दिन यस जिरी नगरकार्यपालिकाको ९७ औं बैठक नगर प्रमुख श्री मित्र बहादुर जिरेलज्यूको अध्यक्षतमा तपसिल बमोजिमको उपस्थितिमा बसी निम्न विषयहरुमा छलफल गरी देहाय बमोजिमको निम्न निर्णय गरियो ।

**तपसिल**

| क्र.सं. | नाम थर | पद | हस्तक्षर |
|---|---|---|---|
| १ | मित्र बहादुर जिरेल | नगर-प्रमुख | |
| २ | कृष्णमाया बुढाथोकी | नगर उप-प्रमुख | |
| ३ | आङ पासाङ शेर्पा | वडा अध्यक्ष १ नं. वडा | |
| ४ | डिमपल्दे शेर्पा | वडा अध्यक्ष २ नं. वडा | |
| ५ | खेटराज घिमिरे | वडा अध्यक्ष ३ नं. वडा | |
| ६ | पदेमान जिरेल | वडा अध्यक्ष ४ नं. वडा | |
| ७ | नर बहादुर जिरेल | वडा अध्यक्ष ५ नं. वडा | |
| ८ | मरिज बहादुर खड्का | वडा अध्यक्ष ६ नं. वडा | |
| ९ | शान्त नेपाली | वडा अध्यक्ष ७ नं. वडा | |
| १० | कृष्ण कुमार खत्री | वडा अध्यक्ष ८ नं. वडा | |
| ११ | ज्ञानु पाखीन | वडा अध्यक्ष ९ नं. वडा | |
| १२ | डिमुलु शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १३ | शान्ती कार्की | नगरकार्यपालिका सदस्य | |
| १४ | रोम कुमारी समाल जिरेल | नगरकार्यपालिका सदस्य | |
| १५ | कल्पना जिरेल | नगरकार्यपालिका सदस्य | |
| १६ | सुसा जिरेल | नगरकार्यपालिका सदस्य | |
| १७ | विर बहादुर जिरेल | नगरकार्यपालिका सदस्य | |
| १८ | साङ्गे शेर्पा | नगरकार्यपालिका सदस्य | |
| १९ | पुरुषोत्तम सापकोटा | सदस्य सचिव | |

निर्णयहरू

१. यस नगरपालिकाको १६ औँ कार्यपालिका बैठको निर्णय कार्यान्वयनको अवस्थाको समिक्षा गरियो।

२. आ.ब. २०८०/०८१ मा यस नगरपालिकाको लागि स्वीकृत भएको स्थानीय सडक मर्मत संभार कार्यको लागि सडक बोर्ड नेपालबाट स्वीकृत बजेट यस नगरपालिकाको नियमानुसारको समपुरक कोष समावेश गरी कार्यान्वयन गर्न देहायका योजना स्वीकृत गरी योजना कार्यान्वयनको सहमतिको लागि सडक बोर्ड समक्ष अनुरोध गर्ने निर्णय गरियो।

   क) जिरी-माली-पुम्पा सडक वडा नं. १,२,३,४ र खावा लहरेमाने खोल्मे सडक वडा नं. ७, ८ र ९ मर्मत योजना।

३. जिरी नगरपालिका वडा नं. ५ कार्यालयको सिफारिस बमोजिम चालु आ.ब.मा वागमती प्रदेश सरकारबाट स्वीकृत जिरीबाट चेर्दुङ जाने सडक स्तरोन्नती योजना जिरी-५ लाई वहुवर्षीय योजनाको रुपमा समावेश गरी आवश्यक बजेट विनियोजनको लागि माग गर्ने प्रयोजनको लागि उक्त योजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) गराइएकोमा उक्त योजनाको DPR स्वीकृत गरी सेवा परामर्श खर्च शीर्षकमा स्वीकृत बजेटबाट रु.५,००,०००।– (पाँच लाख) मा नवढ्ने गरी सम्झौता बमोजिमको रकम भुक्तानी दिने निर्णय गरियो।

४. यस नगरपालिकाको लागि आ.ब. २०७७/०७८ मा स्वीकृत चेर्दुङ एकिकृत पर्यटन विकास योजना अन्तरगत डल्लेमाने क्याङ्से सडक र शिवको मूर्ति स्थापना योजना २०७८/०७९ मा कार्य सम्पन्न भएकोमा बजेट निकासा नभएको कारण हाल सम्म रु५,६४,२४०।१५ (पाँच लाख चौसठ्ठी हजार दुई सय विस पैसा पन्ध्र) भुक्तानी गर्न बाँकी रहेको तर ठेक्का बिल बमोजिमको सबै रकम धरौटी यस अघि नै कट्टा गरिसकिएकोमा सम्वन्धित निर्माण कम्पनी सुवर्ण एस.के. जे.भी.बाट यस कार्यालयमा धरौटी फिर्ताको लागि माग भएको हुँदा माग बमोजिम धरौटी फिर्ता गर्ने निर्णय गरियो।

५. आ.ब. २०८१/०८२ का लागि प्रदेश समपुरक अनुदान तर्फ देहायको योजनाहरू स्वीकृतिका लागि अनुरोध गर्ने निर्णय गरियो।

   क) जिरी बसपार्क देखि कुथामे सडक स्तरोन्नती योजना।
   ख) जिरी बसपार्क निर्माण योजना वडा नं. ५
   ग) हाटडाँडा रेक्च्याङ सडक स्तरोन्नती योजना वडा नं. ६
   घ) सिक्रीखोला नमूना तटबन्ध निर्माण योजना वडा नं. ७
   ङ) पुम्पा ढुङ्गे सडक स्तरोन्नती योजना वडा नं. १

६. आ.ब. २०८१/०८२ का लागि प्रदेश सरकार विषेश अनुदान तर्फ देहायका योजना स्वीकृतिको लागि अनुरोध गर्ने निर्णय गरियो।

   क) बौध भुवनेश्वरी मावि छात्रावास निर्माण योजना वडा नं. २
   ख) धनसा खानेपानी निर्माण योजना वडा नं. ३
   ग) तोरिवारी दोभान थलारी भकिम्ले खरायोवन गैराघर खानेपानी योजना जिरी वडा नं. ८

७. आ.ब. २०८१/०८२ का लागि संघीय विषेश योजना तर्फ देहायका योजना स्वीकृतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

क) जिरी प्राविधिक शिक्षालय छात्रावास निर्माण योजना जिरी-५

ख) कालिका मा.वि. छात्रावास निर्माण योजना वडा नं. ९

८. आ.ब. २०८१/०८२ को लागि संघीय समपुरक योजना तर्फ देहायको योजना स्वीकृतिको लागि अनुरोध गर्ने निर्णय गरियो ।

क) जिरी बसपार्क निर्माण योजना जिरी-५

९. यस नगरपालिकाले नगर विकास कोषसँगको ऋण सहयोगमा निर्माण गरिएको जिरी नगरपालिका वडा नं. ५ स्थित सपिङ्ग कम्प्लेक्स भाडामा लगाउन मिति २०८०।०६।३० मा ३० दिने सूचना प्रकाशन गरिएकोमा कुनै पनि प्रस्ताव पेश नभएकोले देहाय बमोजिमको न्यूनतम दररेट बाट बढाबट हुने गरी पुन १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| क) भुई तल्लाको भाडा न्यूनतम दर | -रु१२० प्रति इस्क्वायर फिट |
| ख) प्रथम तल्लाको भाडा न्यूनतम दर | -रु११० प्रति इस्क्वायर फिट |
| ग) दोस्रो तल्ला न्यूनतम दर | -रु.१०० प्रति इस्क्वायर फिट |
| घ) तेस्रो तल्लाको भाडा न्यूनतम दर | - रु. ७० प्रति इस्क्वायर फिट |
| ङ) चौथो तल्लाको भाडा न्यूनतम दर | -रु.५० प्रति इस्क्वायर फिट |

१०. यस जिरी नगरपालिकामा रहेको जिरी अस्पताल हाल यस नगरपालिकाबाट संचालन भैरहेकोमा अस्पतालको भौतिक पूर्वाधार, सेवा प्रवाहको क्षमता र स्थानीय नागरिकको स्वास्थ्य सेवाको आवश्यकता बमोजिम पूर्ण क्षमतामा अस्पताल संचालन गर्न यस नगरपालिकाबाट आवश्यक स्रोत साधन र जनशक्ति व्यवस्थापन गर्न संभव नदेखिएको हुँदा उक्त अस्पताल क्षमता अनुरुप सञ्चालन तथा व्यवस्थापनको जिम्मेवारी वागमती प्रदेश सकारमा रहने गरी सञ्चालनको लागि बागमति प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

११. वागमती प्रदेश सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालय कृषि विकास निर्देशनालय हेटौडाबाट प्राङ्गारिक मल कारखाना स्थापना गर्न आशय पत्र माग भएकोमा यस नगरपालिका "Clean Jiri, Green Jiri, Organic Jiri" नारा सहित विषादी र रसायनिक मल रहित अर्गानिक जिरी निर्माणको अभियानमा रहेको हाल यस जिरी नगरपालिकाबाट अनुदानको रसायनिक मलको लागि कुनै सिफारिस समेत नगर्ने नीति लिएको सन्दर्भमा उक्त प्राङ्गारिक मल कारखाना स्थापनाको लागि यस नगरपालिकासँग प्रतिवद्धता गर्ने जिरी साना किसान कृषि सहकारी संस्था लि. जिरी-५ दोलखाको परियोजना प्रस्ताव स्वृकित गरि दिन अनुरोध गर्ने निर्णय गरियो ।

१२. जिरी उद्योग वाणिज्य संघ, दोलखाको मिति २०८०।१०।१५ च.नं. ९३ को पत्र साथ दोस्रो जिरी महोत्सव २०८० जिरी नगरपालिका संगको संयुक्त आयोजनामा सञ्चालन गर्न लागत साझेदारी सहितको सहभागिताको लागि अनुरोध भै आएकोमा उक्त महोत्सवले जिरीको पर्यटन प्रवर्धन र समग्र

जिरीको आर्थिक, सामाजिक विकासमा टेवा पुऱ्याउने देखिएको हुँदा उक्त जिरी महोत्सव २०८० सञ्चालनका लागि यस नगरपालिकाको आ.ब. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमको मेला, जात्रा, पर्व, महोत्सव शीर्षकबाट रु.५,००,०००।– (पाँच लाख) रुपैया मात्र सहयोग उपलब्ध गराउने, साथै उक्त महोत्सव जिरी नगरपालिका र जिरीका उद्योगी, व्यवसायी, उद्यमी सहित जिरी नगरवासिको हित हुने गरी महोत्सव सफल बनाउन सम्बन्धित सबैमा अनुरोध गर्ने निर्णय गरियो।

१३. यस जिरी नगरपालिका लिङ्कन बजार, हाटडाँडा, नगरपालिका कार्यालयको CCTV मर्मत वडा नं. ४, ५, ६ र ८ का वडा अध्यक्ष र वडा कार्यालयहरुको सोलार मर्मत सम्बन्धित वडा अध्यक्ष सँगको समन्वयमा मर्मत संभार शीर्षकबाट मर्मत संभार गराउने निर्णय गरियो।

१४. जिरी अस्पताल दोलखामा केहि समय अघि विरामीको उपचारको क्रममा भएको हेलचेक्राइ सम्बन्धमा सत्यतथ्य छानविन गर्ने र जिरी अस्पतालको समग्र व्यवस्थापनका लागि गर्नु पर्ने सुधारका विषयहरू समेतको अध्ययन गरी प्रतिवेदन पेश गर्न नगर उप-प्रमुख कृष्णमाया बुढाथोकीको संयोजकत्वमा छानविन समिति गठन गरि जिम्मेवारी दिइएकोमा उक्त समितिको प्रतिवेदन उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

क) घटनामा संलग्न कर्मचारीहरूलाई हाललाई नगरपालिका भित्रको अन्य स्वास्थ्य संस्थामा सरुवा गर्ने।

ख) सम्बन्धित विरामीलाई उपचारमा भएको प्राविधिक त्रुटीको कारण निजको स्वास्थ्यको अवस्था र संभावित असर सम्बन्धमा विशेषज्ञको परामर्श वा उपचार लिन चाहेमा विरामीले चाहेको सम्बन्धित विशेषज्ञसँग परामर्श लिन वा उपचार गराउदा लागेको विल बमोजिमको खर्च नगरपालिकाको तर्फबाट व्यहोर्ने।

ग) अस्पतालमा आउने विरामीको उपचारमा अति संवेदनशिल भई सेवा प्रवाह गर्न एवम् यस प्रकारको घटना भविष्यमा दोहोरिन नदिनको लागि आवश्यक प्रवन्ध मिलाउन जिरी अस्पताल प्रशासनलाई सचेत गराउने।

घ) जिरी अस्पतालको व्यवस्थापन र अस्पतालको कामकारवाहिमा सकरात्मक सहयोग एवम् रचनात्मक सुझावको लागि सम्पूर्ण जनप्रतिनिधि, राजनितिक दल, नागरिक समाजका प्रतिनिधिहरू, सञ्चारकर्मी सहित सम्पूर्ण नगरवासीमा अनुरोध गर्ने।

ङ) अस्पताल व्यवस्थापनको विस्तृत सुझाव सहितको प्रतिवेदन तयार गर्ने समितिको कार्य अवधी २०८० फागुन १५ गते सम्म थप गर्ने।

१५. लालिगुँरास दिदि बहिनी महिला समूह जिरी-५ को प्रस्ताव बमोजिम समूहबाट उत्पादित अचार प्याकेजिङ्ग, ब्राण्डिङ्ग, लेभलिङ्ग, कार्यको लागि महिला शसक्तिकरण तथा मागमा आधारित कार्यक्रम शीर्षकबाट रु.४५,५००।– (पैतालिस हजार पाँच सय) उपलब्ध गराउने निर्णय गरियो।

१६. सम्बन्धित वडा कार्यालयको सिफारिस बमोजिम देहायका व्यक्तिहरुलाई देहाय बमोजिम अन्य सामाजिक सहायता शीर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

क) माया जिरेल जिरी-६ -रु१०,०००।–(दश हजार मात्र)

ख) डुकुमाला शेर्पा जिरी-७ -रु१०,०००।–(दश हजार मात्र)

ग) जसमाया जिरेल जिरी-४ -रु१०,०००।–(दश हजार मात्र)

घ) सुकुमाया तामाङ जिरी-५ -रु१०,०००।–(दश हजार मात्र)

१७. जिरी नगरपालिकको दिशाजन्य लेदो व्यवस्थापन विनियमको मस्यौदा उपर छलफल गरियो।

१८. यस नगरपालिकाको गत आ.ब. २०७९/०८० मा विभिन्न योजनाको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरिएको विषयमा नकरात्मक टिकाटिप्पणी सहित सामाजिक संजालहरूमा आलोचना भएको एवम् महालेखा परीक्षकको आ.ब. २०७९/०८० को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा समेत DPR भएका विषयमा सैद्धान्तिक बेरुजु देखिएको सम्बन्धमा प्रतिवेदनमा उल्लिखित योजनाहरुको DPR र वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने गरी नगर सभा, कार्यपालिका एवम् नगर प्रमुख स्तरको कुनै निर्णय नभएको अवस्थामा के कसरी उक्त कार्य भएको हो सो विषयमा निर्णय गर्ने तत्कालिन प्रमुख प्रशासकीय अधिकृतलाई कार्यपालिका समक्ष उपस्थित भई स्पष्ट गर्न पत्र लेख्ने निर्णय गरियो।

१९. यस नगरपालिकाको नगरस्तरीय योजना अनुगमन तथा सुपरीवेक्षण समितिमा नगर सभा सदस्य साङ्गे शेर्पा सदस्य रहेकोमा निजको कार्य व्यस्थताको कारण निजको स्थानमा नगर सभा सदस्य दिपक जिरेललाई अनुगमन समितिको सदस्य तोक्ने निर्णय गरियो।

२०. यस नगरपालिका भित्र आ.ब. २०७९/८० मा छनौट भएका ७ जना तथा यस आ.ब. मा छनौट भएको भएको अनिसा जिरेल गरी जम्मा ८ जना बाबुआमा विहिन बालबालिकाहरूलाई प्रदेश सरकार सशर्त अनुदानको कार्यक्रम अन्तरगत स्थानीय तहमा विनियोजित शसर्त अनुदानको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन, २०८०/०८१ अनुसार भत्ता उपलब्ध गराउने निर्णय गरियो।